# पाथीभरा याङ्वरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## थेचम्बु, ताप्लेजुङ

## लेखापरीक्षण गर्न दरखास्त दिने बारेको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/०६/०५)

यस पाथीभरा याङ्वरक गाउँपालिका अन्तर्गत सम्पूर्ण विद्यालय, सहकारी, समूहहरुको गत आ.ब. ०७४/०७५ को अन्तिम लेखापरीक्षण गर्न लेपापरीक्षकहरुको सूचीकृत गर्नुपर्ने भएकोले ईच्छुक लेखापरीक्षकहरुले निम्न शर्तहरुको अधिनमा रही यस कार्यालयमा दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निम्न :–

१. लेखापरीक्षण गर्न ईच्छुक लेखापरीक्षक वा लेखाव्यवसायी फर्महरुले यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले १५ औं दिन (उक्त दिन विदा परे सोको भोलिपल्ट) कार्यालय समय भित्रमा यस कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

२. दरखास्त दिने लेखापरीक्षक तथा लेखाव्यवसायी फर्महरु नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्थाबाट चालु आ.ब. ०७५/०७६ को लागि नवीकरण भै यस जिल्लाको लागि काम गर्ने गरी सूचीकृत भएको हुनुपर्ने छ ।

३. दरखास्त दिने लेखापरीक्षक तथा लेखाव्यवसायी फर्महरुले दरखास्त साथ नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्थाको सदस्यता पत्र, आफनो पेशागत प्रमाण–पत्र, गत आ.ब. ०७३/७४ सम्मको आयकर चुक्ता गरेको प्रमाण-पत्र तथा नागरिकताको प्रमाण–पत्रको प्रतिलिपी र कुनै सेवामा नरहेको र कालो सूचिमा समेत नपरेको स्व घोषणा पत्र पेश गर्नु पर्नेछ ।

४. लेखापरीक्षणको लागि दरखास्त दिने लेखापरीक्षक तथा लेखाव्यवसायी फर्महरुले सूचीकृत दस्तुर वापत यस जि.वि.स.को कार्यालयमा रु **१५००।– (अक्षेरुपी एकहजार पाँचसय मात्र)** तिरी सोको सक्कलै नगदी रसिद निवेदनसाथ पेश गर्नुपर्नेछ ।

५. म्याद नाघी वा रीत नपुगी आएको दरखास्त उपर कुनै कार्यवाही हुने छैन ।

६. यस सम्बन्धमा थप जानकारीको लागि यस कार्यालयको टेलिफोन नं.९८४२७९३२९४/९८५२६६०४६० मा कार्यालय समयमा सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत